आज मिति २०७९ साल फगुन ३० गतेका दिन यस बारेकोतट गाउँपालिका अध्यक्ष श्री बीर बहादुर गिरी ज्यूको अध्यक्षतामा बैठक वसी तपशिल बमोजिमको प्रस्तावहरु माथी छलफल गरी निम्ना निर्णयहरु पारित गरियो ।

| **उपस्थितीहरु** | | हस्ताक्षर |
|---|---|---|
| श्री बिर बहादुर गिरी | अध्यक्ष | |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका | |
| श्री बीर बहादुर घर्ति | सदस्य गाउँ कार्यपालिका | |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| श्री बिष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका | |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका | |
| श्री डम्वर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका | |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| श्री दीपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| श्री विष्णु वि.क | सदस्य गाउँ कार्यपालिका | |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका | |
| श्री मोहन प्रकाश गिरी | सदस्य सचिव गाउँकार्यपालिका | |

**प्रस्ताव तथा निर्णयहरु :**

१) गत बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा

२) अस्थायी करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

३) हिउदे विद्यायन सभाको मिति सम्बन्धमा ।

४) विद्यायन समिति गठन सम्बन्धमा।

५) रकमान्नतर सम्बन्धमा।

६) विविध ।

निर्णय नं. १

मिति २०७९ साल माघ २९ गतेका दिन बसेको कार्यपालिकाको बैठकमा जम्मा २१ वटा निर्णय भएकोमा जम्मा २० वटा निर्णयहरु कार्यन्वयन भइसकेको र १ वटा गाउँ सभा फाल्गुन मसन्त भित्र संचालन गरी सक्ने निर्णय तयारी अभावका कारण चैत्र महिना सम्पन्न गर्ने निर्णय गरी समिक्षा गरियो ।

निर्णय नं २

यस कार्यालयमा तथा कार्यालय अन्तरगत रहेका शाखाहरु पशुपंक्षी विकास शाखा कृषि विकास शाखा स्वास्थ्य तथा सरसफाइ शाखा स्वास्थ्य संस्थाहरु र वडका कार्यालयहरुमा अस्थायी तथा करार कर्मचारीहरुको सम्झौता म्याद मिति २०७९ साल पौष मसन्तमा समाप्त भइसकेको हुँदा मिति २०७९ साल माघ १ गते देखि मिति २०८० साल असार मसान्त सम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ३

मिति २०७९ साल माग २९ गते बसेको कार्यपालिकाको बैठकले फाल्गुन मसान्त भित्र विद्यान सभाको बैठक बसाल्ने निर्णय भएता पनि आवश्यक तयारी पुरा नभएकोले मिति २०७९ साल चैत्र ७ गते विद्यान सभा गर्ने निर्णय गरियो ।

निर्णय नं ४

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार यस कार्यालयको विभिन्न काम गर्नको लागि आवश्य पर्ने विभिन्न ऐन कार्यविधि तयारी गरी आउदो कार्यपालिका तथा विद्यान सभामा पेश गर्नका लागि तपशिल बमोजिमको विद्यान सिमिति गठन गर्ने निर्णय गरियो ।

२०७९/११/३०

तपिशल

१.श्री डम्बर बहादुर महतारा (६नं वडा अध्यक्ष) संयोजक

२. श्री योगेन्द्र बहादुर सिंह (८नं वडा अध्यक्ष) सदस्य

३. श्री विशाल किरण वस्नेत (७ नं वडा अध्यक्ष) सदस्य

४. श्री दिल बहादुर नेपाली (कार्यपालिका सदस्य) सदस्य

५. श्री श्रम बहादुर सिंह (प्रशासन अधिकृत) सदस्य

६. श्री खिम बहादुर रोकाय (कम्प्युटर अपरेटर) सदस्य

७.श्री डम्बर बहादुर पुन (योजना सहायक) सदस्य

निर्णय नं ५

गाउँ सभभबाट विनियोजित भएका शिर्षकहरु मध्ये केही खर्च गर्न अनुपयुक्त देखिएकाले उक्त शिर्षकहरुबाट रकमान्तर गर्ने निर्णय गरियो ।

| हालको शिर्षक | रकम रु | रकमान्नतर गरिएको शिर्षक | रकम |
|---|---|---|---|
| मानसिक स्वास्थ्य सेवाका लागि मनोपरामर्शकर्ता तलब | २८०००० | आन्तरिक श्रोतबाट नियुक्ति कर्मचारी तलब | २८००००। |
| IUCD/IMPALNT/SBADHIS eLMIS तालिम | १००००० | आन्तरिक श्रोतबाट नियुक्ति कर्मचारी तलब | १०००००। |
| अनुगमन तथा मूल्याङ्कन खर्च | ८००००। | आन्तरिक श्रोतबाट नियुक्ति कर्मचारी तलब | ८००००। |
| ऐक्सरे मेसिन खरिद | १६०००००। | औषधी खरिद | ११०००००। |
| | | नायकवाडा स्वास्थ्य चौकी खानेपानी व्यवस्थापन | ७००००। |
| वार्थिङ्ग सेन्टरको अनमि तलब | ६०००००।बाँकी | मेडिकल अधिकृत ६० प्रतिशत प्रोतसहान | १८००००। |
| बार्षिक कार्ययोजना चौमासिक समिक्षा | ७००००। | DHIS2 Online Data Entry संचार खर्च | ७००००। |

निर्णय नं ६

गाउँ सभाबाट विनियोजित आकस्मिक विपद व्यवस्थापन कोष शिर्षकबाट खर्च हुने गरी तपिशल बमोजिमको शिर्षकहरुमा खर्च गर्ने निर्णय गरियो ।

तपशिल

क) पाइपको भुक्तानी शर्मा प्लास्टिक अडर सप्लायस रु १८६३३७।

| | | |
|---|---|---|
| ख) | पालको भुक्ती एन एण्ड एन सप्लायर्स | रु ७३४५०। |
| ग) | ढुवानी खर्च | रु ४५०००। |
| | **जम्म** | रु ३०४७८७। |

निर्णय नं ७

बारेकोट गाउँपालिका अन्तरगत सम्पूर्ण बर्थिङ्ग सेन्टरहरुमा सुरक्षित सुत्केरी सेवा उपलब्ध गराए बापत स्वास्थ्य संस्थाले (वर्थिङ्ग सेन्टर) पाउनु पर्ने मुल्य इकाइ दावी रकम आर्थिक बर्ष २०७७।०७८ मा अपुग भइ आर्थिक बर्ष २०७८।०७९ मा माग गरी आर्थिक बर्ष २०७९।८० मा उक्त शिर्षकमा रकम थप भइ आएकाले यस आर्थिक बर्षको सशर्त अनुदान आमा सुरक्षा कार्यक्रम शिर्षकबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ८

यस पालिका अन्तर्गतका निम्न योजनाहरु (DOR) बृस्तृतयोजना प्रतिबेदन तयारीका लागि दिइएको कार्यआदेश बमोजिम श्री पिस इन्जिनियरिङ्ग कन्सल्टेन्सी कोहलपुर ११ बाँकेले पेश गरेको DPR हरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१ सुरखाला रंगशाला कभर्ड हल निर्माण

२ नौमुली प्रर्यटन पार्क निर्माण

निर्णय नं ९

बृस्तित योजनमा रकम अपुग भएको खेलमैदान निर्माण शिर्षकबाट रु १५ लाख रुपैयाँ DPR रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं १०

बारेकोट गाउँपालिका ३ नं वडा कार्यालयमा वडा सचिव तथा लेखा प्रशासन सहायक कुनै पनि कर्मचारी नहुदा वडाको दैनिक प्रशासनिक काम गर्न समेत समस्या भएकाले कार्यालयबाट गरिने सेवा प्रवाहका विषयमा जनगुनासो समेत उठेकाले उक्त वडामा कामकाज गर्नका लागि आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरी लेखा प्रशासन सहायक नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं ११

जाजरकोट जिल्ला बारेकोट गाउँपालिका क्षेत्रमा पर्ने लिम्सा जिउला र नर्सिङ्गखोलाको विभिन्न बगर क्षेत्रबाट दिगोरुपमा ढुंगा गिट्टी तथा बालुवाको संकलन उत्खनन कार्यको लागि प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदनको म्याद यसै आर्थिक बर्षमा सकिने भएको हुँदा थप २ बर्षको लागि वातावरणीय परिक्षण प्रतिबेदन तयार गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस बारेकोट गाउँपालिका वडा नं ८ निवासी श्री कौशीराम बुढालाई बाख्राको खोर निर्मण गर्नको लागि रु १००००० । रुपैयँ अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

२०७९/११/३०

निर्णय नं १३

यस बारेकोट गाउँपालिका वडा नं ५ अन्तर्गत प्रदेश विशेष अनुदानद्धारा निर्माणधिन स्वास्थ्य भवन सिलिङ्गीचौर पहिरोले उच्च जोखिम रहेको र शौचालयको आवश्यकता भएको वडा नं ५ को मिति २०७९।१०।२६ र चलानी नं ४०७ को सिफारिस र स्वास्थ्यचौकी सिलिङ्गीचौरको मिति २०७९।११।१७ र चलानी नं ३७ को निबेदन अनुसार अध्ययन गर्दा उक्त भवनको पछाडी पट्टीको ट्रस्टबाल र दुइकोठे शौचालय लगायत कामको लागत स्टामेट तयार गरी थप कामको लागि बढीमा दुइवटा कोटेशन आवहान गरी प्रकृया अगाडी बढाउनुको साथै सोही अनुदानबाट भुक्तानी गर्ने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको निर्णय
प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिस्ने, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३